# श्रावण महिना - डेंगी सचेतना महिना

# राष्ट्रिय अभियान घोषणा कार्यक्रम

२०८२ असार ३२ गते
काठमाडौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

# राष्ट्रिय डेंगी रोग रोकथाम तथा नियन्त्रण कार्यक्रम

## लक्ष्य


- डेंगी संक्रमणको दर मा कमी ल्याउने
- डेंगीका कारण हुने मृत्यु दर घटाउने

## रणनीतिहरू

**डेंगी नियन्त्रण कार्यक्रमका रणनीतिहरू**

- निगरानी तथा अनुगमन प्रणाली सुधार
- कीट नियन्त्रण
- जोखिम संचार तथा सामुदायिक सहभागिता
- स्वास्थ्य प्रणालीको पूर्वतयारी तथा प्रतिकार्य
- नेतृत्व, बहुक्षेत्रीय सहकार्य र कार्यक्रम व्यवस्थापन सुधार
- अनुसन्धान र नवप्रवर्तन

# डेंगीको विश्वव्यापी अवस्था




*चित्र: सन् २०२४ मा विश्व स्वास्थ्य संगठनलाई सदस्य राष्ट्रले प्रतिवेदन गरेको संख्याको आधारमा तयार पारिएको संक्रमितहरुको अवस्था*

## सन् २०२४ मा, विश्वभर:

- १ करोड ४० लाख भन्दा बढी संक्रमितहरू
- ११,००० भन्दा बढी मृत्यु

## सन् २०२५ को मे महिना सम्ममा:

- >३३ लाख संक्रमित र १७०० भन्दा बढी मृत्यु

### डेंगी संक्रमितको संख्याका आधारमा उच्च स्थानमा रहेका राष्ट्रहरू

**अधिकांश संक्रमितहरू अमेरिकी क्षेत्रमा**

- ब्राजिल, अर्जेन्टिना, मेक्सिको, कोलम्बिया, पाराग्वे लगायत

**दक्षिण पूर्वी क्षेत्रमा**

- भारत (विश्वस्तरमा ७ औं), थाइल्याण्ड, बंगलादेश (विश्वस्तरमा १३ औं), नेपाल (विश्वस्तरमा२० औं स्थानमा), श्रीलंका

- डेंगीको संक्रमण सन् **१९९० देखि २०१९ सम्म ८६% ले वृद्धि** भएको छ।
- सन् **२०२१ यता** प्रत्येक वर्ष **डेंगीका वार्षिक संक्रमित संख्या दोब्बर** भइरहेका छन्।

*श्रोत: WHO. Global Dengue Surveillance*

# नेपालमा डेंगीको अवस्था

- **२०६१** — नेपालमा पहिलो पटक चितवनमा विदेशी नागरिकमा पहिचान भएको
- **२०६३** — चितवनमा डेंगीको प्रकोप – नेपालमा पहिलो पटक
- **२०६४-२०७८** — बि.सं. २०६७, २०७०, २०७३ र २०७६ मा विभिन्न जिल्लामा प्रकोप देखा परेको; अन्य जिल्लाहरुमा छिटफुट संक्रमितहरु प्रतिवेदन हुँदै आएको
- **२०७९-८०** — ५६,३३८ संक्रमित र ८८ मृत्यु
- **२०८०-८१** — ४८,८८३ संक्रमित र २० मृत्यु
- **२०८१-८२** — ५० हजार संक्रमित र १५ मृत्यु (जेष्ठ महिना सम्म)

*श्रोत: बार्षिक प्रतिवेदन; HMIS*

"श्रावण महिना- डेंगी सचेतना महिना"


# राष्ट्रिय अभियान किन?

# अन्तराष्ट्रिय अभ्यासहरू

संयुक्त राष्ट्रसंघले औपचारिक रूपमा डेंगी सचेतना दिवस वा महिना घोषणा नगरेको भए पनि विभिन्न मुलुकले आफ्ना सन्दर्भ र आवश्यकताअनुसार डेंगी सम्बन्धी जनचेतनाका विविध अभियानहरू सञ्चालन गर्दै आएका छन्।:

- **छिमेकी मुलुक भारतमा:** प्रत्येक बर्षको **मे १६ मा राष्ट्रिय डेंगी दिवस**
- **ASEAN मुलुकहरु** (थाइल्याण्ड इन्डोनेसिया, लाओस, मलेसिया, म्यान्मार, फिलिपिन्स, सिंगापुर, ब्रुनाई, कम्बोडिया, भियतनाम) मा प्रत्येक बर्षको **जुन १५ मा डेंगी दिवस**
- **ब्राजिलमा:** सन् २०२४ को मार्चमा "Brazil United against Dengue" भन्ने नाराका साथ **D-Day अभियान**
- **उत्तरी तथा दक्षिणी अमेरिकाका** बिभिन्न देशहरुमा अप्रिल, मे वा जुन महिनामा **लामखुट्टे नियन्त्रण सचेतना सप्ताह**

# डेंगीको मौसमी प्रवृति




श्रावण महिनाबाट डेंगी संक्रमण क्रमशः वृद्धि हुँदै जाने भएकाले, **सुरुवाती चरणमै व्यापक प्रचार–प्रसार र समुदाय परिचालन** गर्न सकेमा तथा त्यसलाई **पछिल्ला दिनहरूमा निरन्तरता** दिन सकेमा, डेंगी नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्न सकिन्छ ।

# डेंगी नियन्त्रणको मूल आधार

**लामखुट्टेको प्रजनन स्थलहरू खोजेर नष्ट गर्नु नै हो**

जोखिम संचार (जनचेतना) + समुदायको सहभागितामा

**लामखुट्टेको प्रजनन् स्थल तथा लार्भा खोज तथा नष्ट**



# डेंगी रोकथाम तथा नियन्त्रणका लागि खोज र नष्ट बिधि नै किन?

| उपलब्ध बिधिहरु मध्ये सवैभन्दा प्रभावकारी | लागत प्रभावी | सुरक्षित बिधि | सामुदायिक सशक्तीकरण |
| --- | --- | --- | --- |
| एडिज लामखुट्टे वयस्क नहुँदा सम्मको करिव ८० प्रतिशत जिवनचक्र (अण्डा, लार्भा र प्यूपा अवस्था) पानी भित्र वा पानी को सतहमा हुनेहुँदा मूल श्रोतलाई निर्मूल नगरी उडीरहेका वयस्क लामखुट्टेलाई मात्र लक्षित गरेर यस रोगको रोकथाम तथा नियन्त्रण सम्भव हुँदैन | कुनै परिष्कृत उपकरण तथा विशेष सिप वा विशेषज्ञ/ बिषय बिज्ञको आवश्यकता पर्दैन<br><br>स्थानीय श्रोत साधन प्रयोग गरी समुदायिक सहभागिता बाटै गर्न सकिन्छ<br><br>बाह्य सहयोग र लागत आवश्यक नपर्ने हुँदा सहज र लागत प्रभावी छ | रसायन/ बिषादीहरूको प्रयोग हुँदैन<br><br>जनस्वास्थ्यको तथा पर्यावरणीय दृष्टिकोणबाट सवैका लागि सुरक्षित | खोजी र नष्ट गतिविधिहरूमा समुदायको प्रत्यक्ष संलग्नता रहन्छ<br><br>स्वामित्व र जिम्मेवारीको भावना लाई बढावा दिनुका साथै दिगोपनको सुनिश्चितता गर्न सकिन्छ |

# खोज र नष्ट कति कति समयमा गर्नुपर्दछ?



डेंगीका विरामीहरू वर्षभरि नै प्रतिवेदन भईरहेको हुँदा खोज र नष्ट अभियानलाई नियमित रुपमा गर्नुपर्छ।



श्रावण देखि कार्तिक महिना सम्म एडिस लामखुट्टेको प्रजननको जोखिम बढी हुने भएकाले यी महिनाहरुमा थप सचेत भई कम्तीमा हप्ताको एकपटक यस्ता गतिविधि अनिवार्य सञ्चालन गर्नुपर्छ।



यो अभियान एकपटक मात्र होईन लगातार र नियमित गर्नुपर्छ ।

# डेंगी रोकथामका लागी समाजका सबै तहको सहभागितामा आधारित दृष्टिकोण (Whole-of-society approach) आवश्यक छ

### स्वास्थ्य

- रोगको निगरानी
- प्रयोगशालामा परीक्षण तथा पुष्टि
- डेंगी उपचारका लागी अस्पताललाई तयारी अवस्थामा राख्ने
- प्रकोप अनुसन्धान र द्रुत प्रतिकार्य टोली परिचालन
- स्वास्थ्य शिक्षा तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन
- जोखिम संचार

### शिक्षा

- विद्यालयमा आधारित स्वास्थ्य शिक्षा
- विद्यालय सरसफाई
- साथी शिक्षा

### निजी/व्यवसायिक क्षेत्र

- मातहतका संजाल/सदस्य संस्था परिचालन
- कार्यालय, उद्योग, होटल परिसर सफा राख्ने र खोज–नष्ट अभियान सञ्चालन गर्ने
- कर्मचारी तथा सेवाग्राहीहरूलाई सचेत गराउने
- संस्थागत-सामाजिक उत्तरदायित्व




### स्थानीय तथा सहरी बिकास

- फोहर व्यवस्थापन
- सहरी योजना
- लामखुट्टे नियन्त्रण/ अनुगमन
- सहरी तथा भवन मापदण्ड
- जन चेतना

### खानेपानी तथा सरसफाइ

- सुरक्षित खानेपानी आपूर्ति सुनिश्चित गर्ने
- ढल व्यवस्थापन सुधार र खुला स्थानमा पानी नजम्ने व्यवस्था गर्ने
- पानीको सुरक्षित प्रयोगसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने

### संचार

- आम नागरिक तह सम्म डेंगी सम्वन्धि तथ्यपूर्ण सूचना प्रवाह गर्ने

### सामाजिक संघ संस्था

- जोखिम संचार तथा सामुदायिक सहभागिता प्रवर्द्धन
- प्राविधिक, वित्तीय वा अन्य स्रोतगत सहयोग
- "खोज तथा नष्ट" अभियानहरूमा सहजीकरण

# डेंगी सचेतना महिनाका उदेश्यहरू

**१**

डेंगी रोकथामको सन्दर्भमा देशव्यापी रूपमा समुदायस्तरमा व्यापक जनचेतना अभिवृद्धि गरि र डेंगी सम्बन्धी विद्यमान भ्रम तथा गलत धारणाहरूलाई हटाउनु।

**२**

लामखुट्टे प्रजनन स्थलहरूको पहिचान र नियन्त्रणका प्रभावकारी अभ्यासहरूलाई व्यवहारमा उतार्न नागरिक तथा समुदायको सक्रिय सहभागिता प्रवर्द्धन गर्नु।

**३**

समाजका सबै तहको सहभागिता सुनिश्चित गर्दै, बहुक्षेत्रीय सहकार्य तथा समन्वयलाई प्रवर्द्धन गर्नु र डेंगी रोकथामलाई बृहत, समन्वित र प्रभावकारी बनाउनु।

**४**

स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्ति, उपकरण तथा स्रोतसाधनहरूको पूर्वतयारीलाई प्रोत्साहित गर्नु।

**५**

डेंगी नियन्त्रणका लागि जिम्मेवार निकाय हरूको सक्रिय संलग्नता र उत्तरदायित्व सुनिश्चित गर्नु।

# डेंगी सचेतना महिनामा गरिने क्रियाकलापहरू:

- **"हरेक शुक्रबार सफा शुक्रबार" अभियान** मार्फत सबै सार्वजनिक निकाय, कार्यालय, विद्यालय तथा संगठित संस्थाहरूमा सरसफाई तथा लामखुट्टे प्रजनन स्थलहरूको खोजी र नष्ट गर्ने कार्य गर्ने/गराउने

- स्थानीयतहहरुले टोल विकास समितिहरु, नागरिक समाज तथा अन्य सरोकारवाला निकायहरुसँग सहकार्य गरी "हप्ताको एक दिन, एक घण्टा हुदैन कुनै कष्ट, समुदायको सहभागितामा लामखुट्टेको लार्भा नष्ट" भन्ने नाराका साथ **खोज तथा नष्ट अभियान** संचालन

- डेंगी नियन्त्रणका रणनीति र समुदायस्तरमा गर्नुपर्ने गतिविधिबारे **संघ, प्रदेश, तथा स्थानीय तहहरूमा छलफल तथा पैरवी**

- हरेक वार्डमा घरदैलो, समूह छलफल, पोस्टर/ब्यानर वितरण लगायत माध्यमद्वारा **डेंगीको जोखिम, लक्षण र रोकथामबारे जनचेतना** फैलाउने

# डेंगी सचेतना महिनामा गरिने क्रियाकलापहरू:

- खोज तथा नष्ट बिधि लगायत अन्य डेंगी सम्बन्धी **स्वास्थ्य शिक्षा तथा सुचना सामग्रीहरू उत्पादन, वितरण तथा प्रचार–प्रसार** गर्ने।
- राष्ट्रिय स्वास्थ्य शिक्षा तथा संचार केन्द्र मार्फत मार्फत विभिन्न स्थानीय भाषामा तयार पारिएका **रेडियो जिङ्गलहरू देशभरका एफएम सञ्जालहरूमार्फत प्रसारण** गर्ने
- **मोबाइल रिङ्गटोन**मार्फत डेंगी जोखिमसम्बन्धी सूचना नागरिकहरूसम्म पुऱ्याउने
- संघीय तहमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा संचार केन्द्र (NHEICC) र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD), साथै प्रदेश तथा स्थानीय तहका **आधिकारिक सामाजिक सञ्जालबाट दैनिक रूपमा जोखिम संचार सामग्री प्रकाशन** गर्ने

# डेंगी सचेतना महिनामा गरिने क्रियाकलापहरू:

- विद्यालयस्तरमा डेंगीसम्बन्धी व्यवहार परिवर्तन ल्याउने उद्देश्यले विद्यालय स्वास्थ्य दूत मार्फत- **साथी शिक्षा, विद्यालय–घर सन्देश प्रवाह, बक्तृत्वकला, निवन्ध तथा वादविवाद प्रतियोगिता** जस्ता क्रियाकलापहरु संचालन गर्ने

- स्थानीय तहको सहजीकरणमा विद्यालयमा **विद्यालय स्वास्थ्य निरीक्षण टोली गठन गरी नियमित सरसफाइको अनुगमन** गर्ने/गराउने

- **बहु-निकाय सहकार्य** सुनिश्चित गर्न सम्बन्धित सरोकारवाला तथा तिनका सञ्जालसँग नियमित अन्तरक्रिया गरी परिचालन गर्न पैरवी गर्ने।

- आ-आफ्नो क्षेत्रमा **अटोवर्कशप तथा कवाडी सामान व्यवस्थापन गर्ने स्थलहरुमा निरन्तर निगरानी** गर्ने, सरोकारवालाहरु संग छलफल गर्ने।

# डेंगी सचेतना महिनामा गरिने क्रियाकलापहरू:

- **होटल, उद्योग तथा निजी व्यवसायीका छाता संगठनहरूसँग सहकार्य** गरी तिनीहरूका सदस्य संस्थाहरूलाई डेंगीसम्बन्धी जनचेतना प्रचार प्रसारमा संलग्न गराउन सहकार्य गर्ने

- **युवा क्लब, स्वयंसेवक तथा विश्वविद्यालयस्तरका विद्यार्थी सञ्जाललाई "खोज तथा नष्ट" अभियान**सहित डेंगी नियन्त्रणका गतिविधिमा परिचालन गर्ने

- डेंगी सम्बन्धी जनचेतना अभिवृद्धि र नियन्त्रणमा योगदान पुऱ्याउने **सृजनात्मक कार्यहरू** संचालन गर्ने

# श्रोत व्यवस्थापन-संघीय ससर्त अनुदान- आ.ब. ८२/८३ (डेंगी तथा महामारी व्यवस्थापन)

| प्रदेश | प्रदेश/ जिल्ला | स्थानीय तह | |
|---|---|---|---|
| | जम्मा बजेट | बजेट व्यवस्था भएका पालिका संख्या | जम्मा बजेट |
| कोशी | २३ लाख ७५ हजार | ६७/१३७ | ६१ लाख ९० हजार |
| मधेश | १९ लाख | १२०/१३६ | ९५ लाख ६० हजार |
| बागमती | १२ लाख ३५ हजार | ६६/११९ | १ करोड १२ लाख ५८ हजार |
| गण्डकी | १९ लाख ९५ हजार | ३३/८५ | ४३ लाख ६५ हजार |
| लुम्बिनी | २२ लाख ८० हजार | ४२/१०९ | ३९ लाख ०५ हजार |
| कर्णाली | १८ लाख ५ हजार | ४२/७९ | ६६ लाख ५० हजार |
| सुदुर-पश्चिम | २३ लाख ७५ हजार | ४०/८८ | ४६ लाख ६५ हजार |
| **जम्मा** | **१ करोड २० लाख ८४ हजार** | ४१०/७५३ | **४ करोड ६५ लाख ९३ हजार** |

डेंगी विरुद्धको लडाइँ हामी सबैको सक्रिय सहभागिताबाट मात्र सम्भव छ !
घरघरमा सचेतना फैलाऔं, समुदायलाई डेंगीबाट सुरक्षित राखौं !

# धन्यवाद